म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१४ अङ्कः- ७५ २०७९ माघ २० गते शुक्रबार 3 February 2023, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

## आवश्यकता

यस समृद्ध समाज राष्ट्रिय दैनिकका लागि समाचार एडिटर आवश्यक परेको हुनाले न्युज एडिटिङ तथा फोटोसप डिजाइन सम्बन्धि ज्ञान भएका उम्मेदवारहरुले आफ्नो बायोडाटा (CV) सहित दरखास्त पेश गर्नुहुन आह्वान गरिन्छ।

सम्पर्कः
०५७५२६८३०, ९८५५०६८२२७

www.samriddhasamaj.com.np

# आँचलले १० जनालाई सम्मान गर्ने



*पुरस्कार तथा सम्मानको घोषणा गर्न आयोजित पत्रकार सम्मेलनमा आँचलकी अध्यक्ष भावना सापकोटा ।*

समाज संवाददाता

हेटौंडाः महिला साहित्यकारहरुको संस्था आँचल साहित्य कला पुञ्ज मकवानपुरले सम्मान तथा पुरस्कारको घोषणा गरेको छ । बिहीबार हेटौंडामा पत्रकार सम्मेलन गरेर विभिन्न १० सम्मान तथा पुरस्कार घोषणा गरेको हो। भोलि शनिबार एक समारोहकाबीच पुरस्कार तथा सम्मान प्रदान गरिने आँचल साहित्य कला पुञ्जकी अध्यक्ष भावना सापकोटाले जानकारी दिनुभएको छ ।

आँचल साहित्य कला पुञ्जले आँचल सम्मान-२०७९ बाट साहित्यसेवी मुक्तिगोविन्द वैद्यलाई सम्मान गर्ने भएको छ । वैद्य मकवानपुरमा साहित्यिक गतिविधिमा आर्थिक सहयोग गर्ने व्यक्तित्वको रुपमा परिचित हुनुहुन्छ।१० हजार एक राशिको बालकुमारी जगन्नाथ भेटवाल स्मृति साहित्य सम्मान हेटौंडाकी गजलकार बबी थापालाई, १० हजार एक राशिकै प्रतिभा छन्द पुरस्कार इटहरीकी टीका आत्रेयलाई, सात हजार पाँच सय राशिको ईश्वर लम्साल स्मृति पत्रकारिता सम्मान हेटौंडाका राममणि दाहाललाई प्रदान गर्ने निर्णय गरिएको आँचल साहित्य कला पुञ्जकी अध्यक्ष भावना सापकोटाले जानकारी दिनुभयो ।

...बाँकी पृष्ठ ३ मा












# सम्पादकीय

## प्रदेशसभाको प्रभावकारिता

संघीय गणतान्त्रिक नेपालमा संघीयता कार्यान्वयनको एउटा महत्वपूर्ण संरचना प्रदेश रहेको छ । एकात्मक शासन व्यवस्थालाई छाडेर संघीय शासन व्यवस्थामा मुलुक गएसँगै केन्द्र र स्थानीय तहको बीचमा प्रदेश तहको संरचना निर्माण गरिएको छ । मुलुकलाई ७ वटा प्रदेशमा विभाजन गरेर प्रदेश-प्रदेशबीचको प्रतिस्पर्धाबाट मुलुकमा विकास समृद्धि ल्याउने अपेक्षा गरिएको थियो । नेपालको सन्दर्भमा बिल्कुलै नयाँ प्रयोगको रुपमा रहेको प्रदेश तहको व्यवस्थापिका र कार्यपालिकाले आफ्नो ५ वर्षे पहिलो कार्यकाल पूरा गरिसकेको छ । गत मंसिर ४ गते संघीय संसद प्रतिनिधिसभासँगै प्रदेशसभा सदस्यको निर्वाचन भएर ७ वटै प्रदेशमा प्रदेशसभा सुचारु भइसकेको छ । यसअघिको प्रदेशसभा तथा प्रदेश सरकार आन्तरिक व्यवस्थापन र कानुन निर्माणमा अल्झिएका कारण प्रदेश तहको शासन व्यवस्था प्रभावकारी बन्न नसकेको सन्दर्भमा अबको प्रदेशसभा र प्रदेश सरकारले आम नागरिकले महसुस गर्ने किसिमले कार्यसम्पादन गरेर प्रदेश संरचनाको प्रभावकारिता पुष्टि गर्नुपर्ने देखिएको छ ।

बागमती प्रदेशसभाको पाँचौ वार्षिकोत्सव बुधबार मनाइएको छ । संघीयता कार्यान्वयनमा आएसँगै २०७४ माघ १८ गते बागमती प्रदेशसभाको पहिलो बैठक बसेको थियो । ७ वटा प्रदेशमध्ये सबैभन्दा पहिले प्रदेशसभा बैठक बसेको बागमती प्रदेशसभाले हालसम्म ७० वटा कानुन निर्माण गरेको छ । यसबीचमा २ सय ६२ पटक प्रदेशसभाको बैठक बसेको बताइएको छ । ५ वर्षको अवधिमा वार्षिक सरदर ५२ वटा बैठक बसेको देखिन्छ । वर्षमा ५२ वटा बैठक बसेको प्रदेशसभाबाट आम जनताले धेरै अपेक्षा गर्नु निरर्थक हुनेछ । एक वर्षमा २ महिना पनि बैठक नबसेको प्रदेशसभाले कानुन निर्माणबाहेक उल्लेख्य काम गर्न नसक्नुलाई अनौठो मान्नुपर्ने देखिँदैन । यसबीचमा पनि सत्ता परिवर्तन र गठबन्धन फेरबदलमा लामो समय प्रदेशसभा रुमल्लिएको कारण प्रदेशसभाले उल्लेख्य काम गर्न नसकेको जगजाहेर छ । ५ वर्षको अवधिमा प्रदेशसभाले आफ्नो एउटा सभाहलसमेत बनाउन नसकेको अवस्थामा यसबाट धेरै आशा गर्नु उचित हुँदैन ।

बागमती प्रदेशसभाले पहिलो ५ वर्षे कार्यकालमा निकै चुनौती र सकसपूर्ण किसिमबाटै भए पनि प्रदेशको नाम र राजधानी टुंगो लगाएको छ । प्रदेशसभाको पहिलो बैठक सुरु भएको झण्डै दुई वर्षपछि प्रदेशको नामाकरण र स्थायी राजधानीको निर्णय गरेपछि प्रदेशसभाले गति लिने अपेक्षा गरिएको भए पनि त्यसपछि सत्ता परिवर्तन र गठबन्धन फेरबदलमा प्रदेशसभा अल्मलिएको थियो । बागमती प्रदेशमा अझै १२ वटा कानुन आवश्यक पर्ने देखिएकाले वर्तमान प्रदेशसभाको पहिलो प्राथमिकता तिनै कानुन निर्माण गर्ने हुनुपर्दछ । यसअघिको प्रदेशसभाले सुरुवात गरेको असल कामहरुलाई निरन्तरता दिँदै बाँकी काम पूरा गर्न प्रदेशसभाको ध्यान जानुपर्छ । प्रदेशसभाले आफ्नो सभाभवन तथा कार्यालय व्यवस्थापनलाई प्रभावकारी बनाउँदै प्रदेशका लागि आवश्यक कानुन निर्माण तथा संशोधनलाई तिब्रता दिनु आवश्यक छ ।

बागमती प्रदेशसभाले आगामी दिनमा धेरैभन्दा धेरै बैठक बसेर प्रदेशका समस्याहरुलाई प्रदेशसभामा व्यापक छलफल चलाउन सक्नुपर्छ । प्रदेशसभाले प्रदेश सरकारको काम कारबाहीको अनुगमन गरेर नतिजामुखी काम गर्न सुझाव र दबाव दिनुपर्छ । प्रदेश सरकारले ल्याउने नीति तथा कार्यक्रम र बजेटका बारेमा प्रदेशसभामा गम्भीर बहस र छलफल हुनुपर्छ । अन्य प्रदेशभन्दा स्रोत साधनले सम्पन्न भएकाले बागमती प्रदेशले प्रदेश तहको औचित्य पुष्टि गर्ने गरी प्रभावकारी काम गर्नु आवश्यक छ । प्रदेशसभाले आफ्नो गति तिब्र बनाउँदै प्रदेश सरकारलाई समेत विकास निर्माण र प्रशासनिक काममा तिब्रता दिन उचित मार्गदर्शन दिनुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : भोजभतेरका काममा सरिक भइने समय छ ।
**वृष** : अड्किएका कामहरु सम्पन्न हुने समय छ ।
**मिथुन** : परोपकारजन्य काममा सरिक भइने छ ।
**कर्कट** : बोलीमा संयमता अपनाउँदा राम्रो होला ।
**सिंह** : अनुशासन र संयमताको काममा पूर्णता ।
**कन्या** : धार्मिक र सामाजिक काममा सरिक भइने समय छ ।
**तुला** : सामाजिक र धार्मिक काममा सरिक भइने छ ।
**वृश्चिक** : लेखाई– पढाई मध्यमकारक रहने समय छ ।
**धनु** : धार्मिक तथा परोपकारजन्य काममा सरिक भइने छ ।
**मकर** : मित्रको सहयोगले काममा पूर्णता हुने समय छ ।
**कुम्भ** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**मीन** : धार्मिक र परोपकारजन्य काममा सरिक भइएला ।

# नेपाली समाजको द्वैध चरित्र



दिपेश नेपाल

गत हप्ता दुई वटा घटना सँगसँगै जसो घटे, पहिलो प्रेम आचार्यको आत्मदाह र दोस्रो शिशिर खनालको पुत्ला दहन । त्यसैले पनि छोटो समयको अन्तरालमा सँगसँगै जस्तो देखिएका दुई परिदृश्यले घटनाबीचको स्पष्ट तुलना, नेपाली समाजको चरित्र, तिनका समानता, विमति, द्वैध चरित्रलाई यति नजिकै ल्याएर केलाउने संयोग जुरेको हो ।

उद्यमी प्रेम आचार्यको आत्मदाहले उठान भएका ऐंठनहरुले त्यति ठूलो हल्ला गर्दैनथ्यो होला यदि तिनले ती विषय मात्र उठान गरी आत्मदाह नगरेका भए । त्यो चीत्कार, त्यो आगो अनि त्यो संसद भवन । यी तीनको मिश्रणबाट जन्मिएका रासायनिक प्रतिक्रियाले प्रेम आचार्यले उठान गरेका मुद्दाहरुलाई नागरिकले प्रमाणीकरण, अनुमोदन र अपनत्वकरण गरेका हुन् ।

नितान्त विपरीत ध्रुवीय विचारको बझान स्वाभाविक हो । तर 'समविचारको ध्रुवीकरण' खोज्ने, अन्तरद्वन्द्वको आह्वान गर्ने स्वार्थी समूह हाबी हुने राजनीतिले उत्पादन गरेको समाज र तिनका चरित्र विवेकी र नैतिक नभई कि त चरम राष्ट्रवादी या अतिवादी मात्र हुनसक्छन् ।

राजनीति 'स्वार्थ समूह'को राजनीतिक कर्मकाण्ड बन्न नछोडेसम्म, समाज समानुपातिक, समन्यायिक, प्रतिस्पर्धी, सक्षम, योग्य र नैतिक बन्नै सक्दैन ।

शिक्षामन्त्रीको पुत्ला दहन हुनु र प्रेम आचार्यको आत्मदाहको कारणहरुको भर्त्सना गर्नु दुई फरक घटना हुन् । तर तिनका आशयमा तात्विक फरक छैन । नागरिकको हैसियतले प्रेम आचार्यले उठान गरेका मुद्दाले एउटा उद्यमीका चुनौती र समस्यामाथि प्रकाश परेको छ । उता, एउटा मन्त्रीको हैसियतले शिशिर खनालले पाठ्यपुस्तक समयमा प्रकाशित नहुने र विद्यार्थीको भविष्य माथि पर्ने त्यसको दूरगामी असरको समाधानस्वरुप निजी संस्थालाई प्रकाशन अनुमति दिने निर्णय गरेका थिए । छोटकरीमा भन्दा पहिलो मुद्दा समस्याको उजागरमा केन्द्रित थियो भने नितान्त फरक दोस्रो मुद्दा समाधानमा केन्द्रित थियो ।

यता एउटा निजी संस्थाप्रतिको पूर्वाग्रहको कारण या राजनीतिक स्वार्थबझान जे भने पनि केही निश्चित समूहले शिशिर खनालको 'पुत्ला दहन' गऱ्यो ।

र, उता प्रेम आचार्यको घटनामा निजी संस्था र उद्यमीप्रति राज्यको अन्यायपूर्ण व्यवहारको व्याख्या भनी 'विरोध' ! समाजले यति छोटो अन्तरालमा एकै विषयमा पात्र र परिस्थिति अनुसार कसरी नितान्त विपरीत ध्रुवीय निर्णय गर्न सक्छ ? गजब छ यो रसायन !

क्रियाको प्रतिक्रिया हुनु, दुई पक्षबीच विचारको घर्षण हुनु, सकारात्मक, प्रगतिशील, प्रतिस्पर्धी समाजको गुण हो । तर दुई विचार एकै समय एकै व्यक्तिभित्र हुनु, दोहोरो चरित्रको प्रकोपको शिकार हुनु द्वन्द्वात्मक मात्र होइन घातक पनि हो ।

व्यक्तिवादी विवेकको प्रयोग, पूर्वाग्रहपूर्ण राजनीतिक संस्कार नेपाली राजनीतिको विशेषता र अभ्यास हो । प्रणालीगत सुधारको जनअपेक्षाको लहर नयाँ शक्तिको उदयको मुख्य म्यान्डेट हो । प्रक्रियागत त्रुटिको विरोध हुनु स्वाभाविक हो । तर पाठ्यपुस्तक निजी संस्थालाई दिएकै आधारमा त्यस्ता कार्यको भर्त्सना हुनुले राज्यले दाल, चामल, तरकारी आफैं बेच्नुपर्छ भन्ने विकल्पको पक्षधर रहेको



समाजको सांकेतिक परिदृश्य हो ।

### सरकार व्यवस्थापक हो, उत्पादक होइन

सरकारको काम पेट्रोल बेच्ने, चामल बेच्ने, औषधि, पाठ्यपुस्तक, बेच्ने होइन भनी सन् १९९० मा विश्व बैंकको संरचनात्मक समायोजन कार्यक्रम अन्तर्गत हामीले आर्थिक उदारीकरण र निजीकरणको नीति र अभ्यास सुरु गरेका हौं ।

उद्यमशीलता आजको आवश्यकता हो भन्ने कुरामा समृद्ध नेपाल सुखी नेपालीको कुरा गर्ने वामपन्थी र समुन्नत नेपालको सपना बाँड्ने प्रजातान्त्रिक लगायत, पूंजीवादी ढर्राका दक्षिणपन्थी सबै राजनीतिक शक्तिहरुको 'उद्यमशील विकास' लाई वादविवाद होइन, वक्तृत्वकलाको रुपमा बहस गरेको अवस्था छ । यति हुँदाहुदै अपुग पाठ्यपुस्तक निजी उद्योगलाई छाप्न दिएको आरोपमा शिक्षामन्त्रीको पुत्ला दहन गर्ने कार्यकर्ताहरु जुन विचारको, वादको भए पनि त्यो निन्दनीय काम हो ।

आर्थिक उदारीकरणको नीति अनुरुप निजी क्षेत्रलाई अर्थतन्त्रको खम्बा मानेर, पूँजी उत्पादन र परिचालनको मानक मानेर, रोजगारी सिर्जना, समृद्धि र समुन्नतिको महत्वपूर्ण साधन मानेर खुला अर्थतन्त्रको पक्षधर हौं भनी विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थामा हस्ताक्षर गरेका छौं । यति हुँदाहुँदै पनि निजी क्षेत्र, उद्यमी विकास गर्ने, उद्यमशीलता प्रबर्धन गर्ने, व्यापार व्यवसाय राजनीतिक दाउपेचको शिकार हुँदै आएको छ ।

देशको समग्र औद्योगिक वातावरण फस्टाउन लघु तथा साना उद्यमको सुरक्षा प्राथमिक कदम हो । दर्ता प्रक्रियामा आएका हाराहारी ९ लाख उद्योगमध्ये ९० प्रतिशत लघु तथा साना र मझौला उद्योग छन् । जसले करिब रोजगारी सृजनामा ५० प्रतिशतको योगदान गरेका छन् । पूँजी लगानी र आकारमा संकुचित भए पनि लघु र साना उद्योगको महत्व स्वरोजगारको मार्ग बन्न सकेको छ ।

### उद्यमी समाजको चुनौतीका चरित्र

आफ्नो मृत्युपश्चात पनि आफ्नो मुद्दालाई प्रकाशमा ल्याउन सक्ने प्रेम आचार्यले जिउँदो छँदै किन यी मुद्दाहरुको उठान गरेनन् या कोसिस गरेनन् भन्ने प्रश्न पनि आउलान् ।

त्यो सँगसँगै एउटा निम्न या मध्यम आर्थिक स्तरको युवाले कुन स्तरसम्मको महत्वाकांक्षी हुने र कुन स्तरसम्मको सपना पाल्ने भन्ने प्रश्न पनि आउँछ ।

के नेपालले ठूलो सपना बोकेका साना मान्छेहरुलाई उसको उडान भर्न सहयोग हुने संयन्त्र निर्माण गरेको छ ? के यो देशले सानालाई सधैं सानै हुनुपर्छ भनी थचारेको त छैन ? के यो देशमा साना तथा लघु उद्यम गर्ने तमाम युवा आफ्नो जीवनकालमा नेपालमै बसेर उद्यम गरेर विदेश नगएकोमा पश्चात्ताप नगर्ने अवस्थामा छन् ? या देशमै बसेर उद्यम गरेकोमा गर्व गरेको अवस्था छ ? के उद्योगी घरानासँग सम्बन्ध नराख्ने पहिलो पुस्ताको उद्यमीहरुलाई यो देशले स्थापित गर्न सक्छ ?

के नयाँ उद्यमी र तिनका सम्भावना र आकांक्षालाई निरन्तर परिभाषित गर्न र तिनका पहिचानलाई सुध्रिन र सम्मानित बनाउन सकेको छ ? १७ लाख रोजगारी सिर्जना गर्ने साना उद्यमीलाई आकारमा झन् झन् खुम्चिन, संकुचन हुन नदिन के यो राज्य संयन्त्र संवेदनशील छ ? भ्रष्टाचार नगरी यो देशमा बाँच्न चाहने नागरिक र उद्यमीको लागि के यो देशले बाँच्न सक्ने वातावरण निर्माण गरेको छ ?

राजनीति व्यापार र व्यापार राजनीति बनेको परिपेक्ष्यमा, स्वार्थको द्वन्द्वको मुद्दा २/४ ठाउँमा उठेको देखिए पनि स्वार्थको बझान नदेखिने कुनै क्षेत्र भेट्न सकिने अवस्था छैन ।

### नेपाली राजनीतिको गतिशील चरित्र

आर्थिक, सामाजिक समस्याको यथास्थितिमा राजनीतिक भविष्यको जग टिकाएकाहरुलाई हिजो २००७ सालपछिको राजनीतिक परिवर्तन, राणाशासनको अन्त्य, प्रजातन्त्रको उदय लगायत, संघीय गणतान्त्रिक मुलुकसम्मको यात्रामा यथास्थितिवाद नेपाली समाजको चरित्र कहिल्यै होइन भन्ने पाठ आफैं आन्दोलनका साक्षी भई बुझ्दै आएका हुन् ।

नेपाली समाज दिमागले होइन मनले सोच्छ । त्यसैले यो अति सहानुभूतिक तर अविवेकी छ । यो बजारमा सहानुभूति बेच्न सक्ने पात्र रातारात हिरो बन्छन् । समस्याका उठान गर्नेहरु सपुत कहलिन्छन् र समाधानका बुँदागत उपाय सुझाउने ओझेलमा पर्छन् । त्यसैले सहानुभूति बिक्री हुने बजारमा राजनीतिज्ञहरु समस्या बेचिराख्छन्, आफ्नो राजनीतिक आयु घटाएर घाटाको व्यापार गर्दैनन् ।

नेपाली समाज अधीर, शीघ्र प्रतिक्रियावादी, असंवेदनशील या अति संवेदनशील, दोहोरो चरित्र निभाउँदैछ । समाज संवेदनशील मात्र बनेर पुग्दैन, विवेकी हुनैपर्छ । समस्याको उठान गरेर मात्र पुग्दैन, समाधान केन्द्रित हुनैपर्छ । त्यसैले प्रगतिशील समाज संवेदनशील र विवेकी दुवै हुनुपर्छ ।

नेपाली समाज गतिशील भने पक्का छ । पछिल्लो समय हामीले देखेको भद्र क्रान्तिहरुको मौनताले नेपाली समाज तरंगित भएको छ । नेपाली राजनीतिले वैकल्पिक भनिएका राजनीतिक दल- विवेकशील जस्ता पार्टीको दशक लामो अथक् प्रयासले माग गरेको गन्तव्य- राष्ट्रिय राजनीतिमा रवि लामिछाने जस्ता व्यक्तिको पहिलो हिर्काइले निकास दिंदा परिवर्तन र क्रान्ति सजिलो र छिटो लाग्नु अप्राकृतिक होइन । अन्तिम हिर्काइले ढुंगा फुट्छ तर ढुंगा फुट्नु भन्दा अगाडि सयौं चोटि बर्सिएका ती छिना, हम्मर र तिनका क्रन्दन योगदानका गन्तीबाट भने छुट्नुहुँदैन ।

### राष्ट्रियताको नेपाली चरित्र

राष्ट्रिय उत्पादन प्रयोग गरौं भन्ने बोलीहरु व्यवहारमा नबिक्ने परिप्रेक्ष्यको शिकार भएका प्रेम आचार्य जस्ता उद्यमीलाई सोध्नुपर्छ राष्ट्रियताको परिभाषा । बाध्यताले विदेशिएका नेपालीलाई सोध्नुपर्छ उसको राष्ट्रको सिमाना । राष्ट्रियतालाई राष्ट्रिय एकताको आधार मान्न सकिएला तर यो वैयक्तिक अनुभूति हो । सामूहिक परिभाषाले व्यक्तिको स्वानुभूतिलाई धमिलो बनाउने काम गरिनुहुँदैन । हरेक नागरिकले राष्ट्रियताको आफ्नो अनुभूतिलाई आफ्नो परिभाषा बनाउने छुट हुन्छ ।

सुन्दा असंवेदनशील सुनिएला तर आफ्नो मृत्युसम्मलाई ध्यानाकर्षण गराउन सक्ने प्रेम आचार्यले कृषि उद्योग चलाउन सक्ने क्षमता राखेनन् कि भनी शंका गर्नु बेकार हो । तर सहानुभूति बिक्ने समाजमा उनको 'बजारीकरणको विवेक' बिक्री नभएको चैं पक्का हो ।

खोक्रो राष्ट्रियताको सिमाना कालापानीमा खोज्ने राजनीतिक दलहरुले नेपालीपन ७७ जिल्लाका नागरिकको अवस्था, रहनसहन, दुःख, पीडा र बाध्यताभित्र खोज्नुपर्छ । अमेरिकाले लगिदिए अमेरिकन हुन तयार हुनुपर्ने आर्थिक, सामाजिक, राजनीतिक बाध्यताको आवरणभित्र राष्ट्रियताको परिभाषा खोज्नुपर्छ । हरेक वर्ष डीभी भर्ने लाइनले बयान गर्दैन भने राष्ट्रियता केवल राजनीतिको खोक्रो हतियार मात्र हो । हरेक दिन १५०० हाराहारी युवा बाध्यताले खाडी उड्दैनन् भने मात्र राष्ट्रियता नागरिकको लागि साँचो र इमानदार अनुभूति हो ।

### के नयाँ शक्तिले नयाँपन दिन सक्लान् ?

शिक्षा सुधार गर्छु भनी राजनीतिमा आएका शिशिरलगायतले राजनीतिको फोहोर, किचलोबाट हातखुट्टा झिक्ने अवस्था आउनुहुँदैन । राजनीति अहिले पछिल्लो समय नयाँ शक्तिभित्रबाटै फस्टाएको जस्तो स्टन्टबाजी पनि बन्नुहुँदैन । आफ्नो पहिचान कस्तो बनाउने हो-अधिकार सबैलाई छ तर नागरिक विवेकी बन्नु समुन्नत र विकसित समाजको पहिलो आधारशिला हो ।

हरेक क्रान्तिले विचार जन्माउँछ । २०६२/६३ पछि 'नयाँ नेपाल' भन्ने विचार खुब सुनियो ! नेपालमा पछिल्लो राजनीतिक परिवर्तन, नयाँ शक्तिको उदयले जन्माएको विचार चाहिं के हो ? विचार कार्यान्वयन गर्ने योजना के हो ? विचार मात्र जन्मिने क्रान्तिहरुले नयाँ क्रान्तिको आह्वानको समयावधि छोट्याइदिएको उदाहरण प्रशस्त छन् । सेवाको डेलिभरी, सुशासन, आर्थिक विकासका पूर्वयोजना बेगर जन्मिएका नयाँ विचारले नयाँपन दिन चुक्नु नै आज स्थापितहरु विस्थापित हुनुको कारण हो ।

विचारहरु सधैं नयाँ नहुन सक्छन् तर विचारमा, अभ्यासमा, प्रणालीमा नयाँपन हुनु परिवर्तन र गतिशीलताको साक्षी हुनु हो । नेपाली राजनीतिलाई तरंगित गरेका नयाँ शक्तिहरुको नयाँपन हेर्न केही समय धैर्य गर्नैपर्छ । शंकाको लाभ यिनीहरुलाई केही समय उपलब्ध जो छ ।

पदधारी हरेक नेताले एउटा कुरा नबिर्से पुग्छ- जनताले मलाई मन्त्री बन्न पठाएका होइनन्, मन्त्री बनेर मैले केही गर्छु भन्ने अपेक्षाले पठाएका हुन् । सीमित समयको लागि, सीमित शक्ति र स्रोतको उच्चतम प्रयोग गरी कसरी मैले आफ्नो कार्यकाल सफल बनाउन सक्छु भन्ने मात्र नबिर्सिए पुग्छ । पदको अहंकार होइन, पदको बोझ र जिम्मेवारीप्रतिको उत्तर दायित्व हावी भए पुग्छ ।

अन्त्यमा, आयातित वस्तुहरुको बाढीले साना उद्योग प्रतिस्पर्धी बन्न, लागत मूल्य घटाउन सक्ने बन्नुअघि नै बन्द हुने जोखिममा छन् । खुल्ला व्यापार, भूमण्डलीकरणको अवधारणा राष्ट्रिय हित, उद्यमीको संरक्षणमा आफ्नो स्वार्थ अनुकूल प्रयोग नगर्ने सरकारको अकर्मण्यताले देशमा केही गर्छु भन्ने नागरिकले अनागरिक जस्तो व्यवहार भोग्नुपरेको अमिलो यथार्थ हो, प्रेम आचार्यको आत्मदाह ।

पोषणका १००० सुनौला दिन भने जस्तै शिशुलाई पहिलो १००० दिन जति प्रेम, पोषण, स्याहार चाहिन्छ, साना तथा लघु उद्योगलाई ठिक त्यस्तै प्याकेज अन्तर्गत संरक्षण र प्रबर्धन गर्ने नीति निर्माण गर्न सरोकारवाला निकायको ध्यान आकर्षण होस् ।

ठूला माछाले साना माछालाई खान्छ भनी स्वाभाविक प्राकृतिक प्रणालीको रुपमा सानाहरुलाई बेवास्ता गर्ने काम आगामी दिनमा हुनुहुँदैन । उद्यमी प्रेम आचार्यको आत्मदाह नेपालको इतिहासको अन्तिम घटना बन्नुपर्छ । यो देशमा राजनीतिक कार्यकर्ताको झुण्ड होइन, गरिखाने उद्यमी जन्मिनुपर्छ र तिनको प्रेम आचार्यको जस्तो अन्त्य होइन, संरक्षण र प्रवर्द्धन हुनुपर्छ । *(स्रोतः अनलाईनखबर)*

# सिमसार दिवसमा ताल क्षेत्रको सरसफाई



*ताल क्षेत्रको सरसफाई गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः विश्व सिमसार दिवसको अवसरमा मकवानपुरको उत्तरीक्षेत्र ईन्द्रसरोवर गाउँपालिकास्थित ईन्द्रसरोवर ताल क्षेत्रको सरसफाई गरिएको छ । "आजको आवश्यकताः सिमसारको पूनर्स्थापना" भन्ने नारासहित संघीय जलाधार व्यवस्थापन केन्द्र कुलेखानीको आयोजनामा ताल क्षेत्रको सरसफाई गरिएको हो ।

वरिष्ट जलाधार व्यवस्थापन अधिकृत श्याम प्रसाद न्यौपानेसहित कार्यालयका कर्मचारीको सहभागितामा सरसफाई कार्यक्रम गरिएको हो । सरसफाईका क्रममा ८० प्रतिशत भन्दा बढी फोहर मिनरल वाटरको वोतल रहेको जलाधार व्यवस्थापन केन्द्रका कर्मचारी दीपक राज मिश्रले जानकारी दिनुभयो । सिमसार क्षेत्रको महत्वबारे सचेतना अभिवृद्धि गर्नुका साथै सरसफाईको कार्य गरिएको उहाँले बताउनुभयो ।

# लागूऔषध र मोटरसाइकलसहित २ जना नियन्त्रणमा

समाज संवाददाता

हेटौंडाः प्रहरी चौकी रातोमाटे मकवानपुरबाट खटिएको प्रहरी टोलीले लागूऔषध निट्राजेपा र मोटरसाइकलसहित २ जनालाई नियन्त्रणमा लिएको छ। बुधबार बिहान १ बजेर ४५ मिनेटको समयमा हेटौंडा–१५, रातोमाटे चेकपोइन्टस्थित सडकखण्डमा पथलैयाबाट हेटौंडातर्फ आउँदै गरेको प्रदेश २–०३–००९ प ७८९६ नम्बरको मोटरसाइकल रोकी सुरक्षा जाँच गर्ने क्रममा प्रहरीले लागूऔषध निट्राजेपा फेला पारेको थियो ।

प्रहरीले मोटरसाइकल चालक सर्लाही जिल्लाको मलंगवा नगरपालिका–१० बस्ने २१ वर्षीय राजु झा र सोही मोटरसाइकलको पछाडि सवार १९ वर्षीय अनिलकुमार यादवलाई शंका लागि सुरक्षा जाँच गरेको थियो । उनीहरुको साथबाट प्रहरीले लागूऔषध निट्राजेपा १६० ट्याब्लेट फेला पारेको जनाएको छ ।

उक्त लागूऔषधसहित उनीहरुलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय मकवानपुर ल्याइएको थियो । जिल्ला अदालत मकवानपुरबाट १८ दिनको म्याद थप गरी अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# इन्द्रसरोवरले निःशुल्क रेविज खोप लगाउने

समाज संवाददाता

हेटौंडाः मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाले निःशुल्क रेविज खोप लगाउने भएको छ । बिहीबार गाउँपालिकाले सूचनामार्फत् माघ २२ गतेदखि सामुदायिक तथा घरपालुवा कुकुरलाई निःशुल्क रेविज खोप लगाउने जानकारी गराएको हो ।

गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रमअनुसार गर्न लागेको निःशुल्क रेविज खोप वडा नम्बर १ देखि ५ सम्मका सबै वडाहरुमा सञ्चालन गरिने इन्द्रसरोवर गाउँपालिका पशु शाखाका प्रमुख नवीन अधिकारीले जानकारी दिनुभयो । निःशुल्क रेविज खोप लगाउने कार्य माघ २७ गतेसम्म हुने अधिकारीले बताउनुभयो । करिब एक हजार कुकुरलाई खोप लगाउने लक्ष्य रहेको उहाँले बताउनुभयो ।

# बीस बर्ष नपुगी बिवाह नगरौं या नगराऔं

## पढ्नेको प्रतिक्रिया

२० वर्षभन्दा कम उमेरका किशोरी आमा बने भन्ने समाचार अहिले पनि आइरहेका छन् । बीस वर्ष नपुगी विवाह गर्नु हुादैन । यदि विवाह गरेको या गराएको थाहा पाएमा नजिकैको प्रहरी चौकीमा खबर गरौं । बालविवाह गर्नु दण्डनीय अपराध हो। बालविवाह गर्नुलाई पनि दण्डनीय अपराधकोरुपमा लिइए पनि बाल विवाह भइरहेको छ । बाल विवाह जस्तो जघन्य अपराध भइरहादा पनि अभिभावक, सरोकारवाला, कानुन र समाजले ध्यान दिएको देखिएको छैन ।

अहिलेको समयमा त मोबाईल ईन्टरनेटको सुविधालाई दुरुपयोग गरी अन्जान व्यक्तिसाग सानै उमेरमा भाग्ने वा भगाउने भइरहेको छ भने कतिपयको आफ्नै आमा–बाबुले जबरजस्ती बालविवाह गराइरहेको छ। धेरैजसो बालविवाह हुनुको कारण गरिबी, अशिक्षा, जनचेतनाको कमी, परिवारको दबाव र बेरोजगारी छ । सानै उमेरमा विवाह गर्नाले वा गराउनाले बालबालिकाहरुको स्वास्थ्य तथा शिक्षामा असर पर्नुका साथै उनीहरुको भविष्य नै बिग्रन जान्छ ।

बालविवाहले विशेषगरी महिलाहरुमा धेरै प्रभाव देखिन्छ । जस्तै पाठेघरमा समस्या, बच्चा जन्माउने बेला आमा र बच्चा दुवैको मृत्यु हुन सक्ने र उनीहरुले सुखी जिवन जिउन पनि गाह्रो हुन्छ । हामी अभिभावक, सरोकारवाला र समाजले बालविवाह हुन नदिन विशेषगरी यस्ता कुराहरुमा ध्यान दिन जरुरी छ ।

– शिक्षाको अवसर बढाउने ।

– बालबालिकालाई अभिभावकको निगरानीमा राख्ने ।

– सचेतनामूलक सडक नाटक मञ्चन गर्ने ।

– गरिबी न्युनीकरण गर्ने ।

– बालबालिकालाई परिवारको दबावमा नराख्ने ।

– मोबाईल, ईन्टरनेटको दुरुपयोग रोक्ने ।

*कमल बिक,*
*हेटौंडा–११, थानाभऱ्याङ*

# पत्रकार महासंघ बागमती प्रदेशको साधारणसभा हुँदै

समाज संवाददाता

हेटौंडाः नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको तेस्रो साधारणसभा आज शुक्रबारबाट हुने भएको छ। शनिबार सम्म चल्ने साधारणसभा दोलखा जिल्लाको जिरीमा हुँदैछ ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलको प्रमुख आतिथ्यमा साधारणसभा हुने जनाइएको छ । साधारणसभामा आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठ, पत्रकार महासंघका केन्द्रीय अध्यक्ष बिपुल पोखरेल, जिल्ला अध्यक्षहरु र सबै प्रदेश परिषद् सदस्यहरुको उपस्थिति रहनेछ ।

# चौलागाईंको कविता प्रथम

समाज संवाददाता

हेटौंडाः रेडियो मकवानपुरले आयोजना गरेको 'बाल अधिकार' विषयक खुला कविता प्रतियोगितामा हेटौंडा स्कूल अफ म्यानेजमेण्टकी रोश्नी चौलागाईं प्रथम भएकी छिन् । दशजोड दुईसम्मका विद्यार्थी सहभागी प्रतियोगितामा जीएस निकेतनका समर्पण न्यौपाने द्वितीय र बालजागृति इङ्लिस सेकेण्डरी स्कूलका कृषाङ्गी अर्याल तृत्तीय भएका छन् ।

प्रतियोगितामा मकवानपुरको विभिन्न विद्यालयका २२ जना विद्यार्थी सहभागी थिए । प्रथम, द्वितीय र तृत्तीय भएकाहरुले क्रमशः नगद १० हजार, ७ हजार र ५ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् । उनीहरुलाई सप्ताहव्यापी कार्यक्रमको समापनको अवसर मा यही माघ २२ गते पुरस्कार प्रदान गरिनेछ। रेडियो मकवानपुरको १३ औं वार्षिकोत्सव तथा सञ्चालक संस्था दिव्यतारा बहुउद्देश्यीय सहकारीको २५ औं स्थापना दिवसको अवसरमा जारी सप्ताहव्यापी कार्यक्रम अन्तर्गत कविता प्रतियोगिता आयोजना भएको हो । रेडियो मकवानपुर सञ्चालक समिति अध्यक्ष आनन्दराम पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका १ नम्बर वडा अध्यक्ष एवम् उपमहानगरका प्रवक्ता सविन न्यौपानेको प्रमुख आतिथ्य रहेको थियो ।

# आँचलले १०...

यस्तै ११ हजार एक सय ११ राशिको दीकादत्त–मायादेवी–कुलकुमारी साहित्यिक पुरस्कार हेटौंडाकै साहित्यकार माधव पोखेललाई, १५ हजार एक राशिको अप्सरा तिम्सिना स्मृति साहित्य सम्मान काठमाडौंकी आख्यानकार माया ठकुरीलाई, तीन हजार पाँच सय राशिको मंगलादेवी श्रेष्ठ बाल प्रतिभा पुरस्कार हेटौंडाकै समर्पण न्यौपानेलाई, पाँच हजार एक राशिको वनस्खण्डी खड्ग पौडेल प्रतिभा सम्मान लोकलयका मकवानपुरे अग्रज साहित्यकार ओमभक्त भण्डारीलाई, पाँच हजार एक राशिको मुक्ति–तारा नवप्रतिभा सम्मान हेटौंडाकै कृतिका लौंडारीलाई र १० हजार एक राशिको सुन्तलीमाया श्रेष्ठ युवा प्रतिभा सम्मान काठमाडौंमा रहेर बासुरीवादनमा क्रियाशील मकवानपुरको बकैया–५ का विष्णुबहादुर विश्वकर्मालाई प्रदान गर्ने निर्णय गरिएको छ।

पुरस्कार तथा सम्मान समर्पण समारोहमा रचना वाचन पनि हुनेछ। पत्रकार सम्मेलनमा आँचल साहित्य कला पुञ्ज मकवानपुरकी संस्थापक अध्यक्ष मुना अर्यालको पनि उपस्थिति रहेको थियो । २०६८ सालमा आँचल साहित्य कला पुञ्जको स्थापना भएको हो ।

# मकवानपुर बाल विद्या सदन

हेटौंडा-१८, खड्कुले

## १६ औं अभिभावक दिवस विद्यार्थीका अनुभव विशेष

## पुस्तकको चर्चा गर्न थालेका छौं



**रविना सापकोटा (विद्यालय उप-कप्तान)**
**कक्षा-९**

नामले अभिभावक दिवस भए तापनि यस दिन विद्यार्थीको सक्रियता धेरै हुन्छ। हामी विद्यार्थीहरुलाई यो दिन कुनै एउटा चाडवाड भन्दा कम हुँदैन । आफ्नो प्रतिभालाई अभिभावक सामु प्रस्तुत गर्न पाउँदा हाम्रो आत्मविश्वास धेरै बढ्छ । अन्य अभिभावक दिवस भन्दा यसपटक पुस्तक प्रदर्शनी, खानाको स्टल र फेस पेन्टिङको कार्यक्रम विद्यालयले थप गरेको थियो । यसका लागि हामीले छुट्टाछुट्टै स्वयम्सेवक समूह बनाएर आ-आफ्नो जिम्मेवारी लिएका थियौं ।

मलाई यसपटक अभिभावकको उपस्थितिले धेरै खुसी बनायो । दुवै दिन अभिभावकको बाक्लो उपस्थिति थियो । विद्यार्थीहरुले बनाएका खाना सबैले मनपराउनु भयो । विद्यालय विद्यालयबीच राम्रा अभ्यासको अनुभव आदानप्रदानको सोच राखेर यो पटक नवोदय शिशु सदन विद्यालयका सरसँग हाम्रो विद्यालयका प्रधानाध्यापकले पढ्ने बानीको विकास बारे छलफल गर्नुभएको थियो। छलफलका कुरालाई धेरै विद्यार्थी र अभिभावकले मनन् गर्नुभएको पाएँ । अहिले हामी विद्यार्थीहरुमा पुस्तक पढ्ने बानी केही बढेको छ। हामीले पुस्तकको चर्चा गर्न थालेका छौं । प्रायः सबैले नयाँ-नयाँ पुस्तकहरु पनि किन्नुभएको छ। समग्रमा मलाई यो अभिभावक दिवस अत्यन्तै उत्कृष्ट लाग्यो ।

## नाच्न पाउँदा फरक अनुभूति भयो



**दिनेश धानुक**
**कक्षा-८**

प्रायः हाम्रो विद्यालयको अभिभावक दिवसमा पानी परेर बिथोल्ने गर्थ्यो। त्यही कारण कति विद्यार्थीहरु आफ्ना प्रस्तुती पस्कन नपाएर रुँदै घर जान बाध्य थिए । तर यो पटक दुई दिन कार्यक्रम भएकोले सबैको पालो आउँछ भन्नेमा ढुक्क भयौं । र पानी पनि परेन। धेरै नै खुसी लाग्यो ।

यो पटक हाम्रो धेरै अघिदेखिको तयारी थियो। दुइचार दिन अघिदेखि भने विशेष तयारी गरेका थियौं। दोश्रो दिनको अन्तिम नृत्य थारु नृत्य थियो। यो नृत्यमा म पनि नाचेको थिएँ । थारु नृत्यमा लौरोको समेत कला प्रयोग गरेर नाच्न पाउँदा फरक अनुभूति भयो । अभिभावकहरु साह्रै खुसी हुनुभएको पाएँ। विद्यालयले वर्षभरी गरेका क्रियाकलापको तस्वीर विद्यालयको भित्तामा प्रदर्शनीमा राखेको मलाई राम्रो लाग्यो ।

कार्यक्रममा धेरै बाल पुस्तक लेख्नु भएकी लेखिका आन्विका गिरी पनि आउनुभएको थियो। उहाँले विद्यार्थीहरुले किन पढ्नुपर्छ ? कस्तो किताब पढ्नुपर्छ ? कसरी पढ्नुपर्छ ? अभिभावकहरुले कसरी बालबालिकाहरुलाई पढ्नमा सहयोग गर्न सक्नुहुन्छ ? भन्ने बारेमा सुदिप सरसँग मञ्च मै छलफल गर्नुभएको थियो। अनि उहाँको पुस्तक पढ्ने केही विद्यार्थीहरुले आफुले पढेका कथाहरु बारे नबुझेका प्रश्नहरु पनि सोध्नुभएको थियो । अभिभावक भेलामा यो चैं अलि राम्रो काम भयो जस्तो लाग्यो ।

## मैले नाचैँ



**प्रिन्सा कार्की**
**कक्षा-७**

म नर्सरीदेखि यसै विद्यालयमा पढिर हेकी छु। हालसम्म भएका मध्ये मलाई त यो अभिभावक दिवस विगतका भन्दा धेरै अर्थमा फरक लाग्यो। कक्षा नर्सरीदेखि कक्षा तीनसम्म र कक्षा चारदेखि कक्षा दशसम्म गरेर दुई दिन गरिएको थियो । त्यही भएर धेरैले विद्यार्थीले भाग लिन पाए । पहिलोपटक अभिभावक दिवसमा पुस्तक प्रदर्शनी र खानाको समेत स्टलहरु थिए। यो चै मलाई साह्रै मनपऱ्यो ।

धेरै विद्यार्थीहरुले पुस्तक किन्नुभयो । पढ्ने बानीको विकास होस् भनेर विद्यालयले यस्तो व्यवस्था गरेको थियो। मलाई कार्यक्रम स्थल र स्टेजको सजावट पनि निकै राम्रो लाग्यो । म आफुले नृत्य गरेकी थिएँ । सबैले राम्रो गऱ्यौं भन्नुभयो । म आफुलाई सबैभन्दा मनपरेको प्रस्तुति चैं शिक्षकहरुको नृत्य र बाबाहरुप्रति समर्पित एउटा अभिनयसहितको नृत्य थियो ।

# युवा संघको केन्द्रीय कमिटी बैठक हेटौंडामा

समाज संवाददाता

हेटौंडाः सत्तारुढ दल नेकपा एमालेको भातृ संगठन युवा संघ नेपालको केन्द्रीय कमिटी बैठक हेटौंडामा सुरु भएको छ । बिहीबार सुरु भई आज शुक्रबार सम्पन्न हुने बैठक आसन्न महाधिवेशनको तयारी लक्षित भएको बताइएको छ । बठैकलाई नेकपा एमालेको पोलिटव्युरो सदस्य एवम् युवा इन्चार्ज महेश बस्नेत, नेकपा एमालेका सचिव प्रदीप ज्ञवाली र महासचिव शंकर पोखरेलले प्रशिक्षाणात्मक निर्देशन दिनुहुने बुझिएको छ ।

आगामी चैत २५ गतेदेखि नेपालगन्जमा युवा संघको महाधिवेशनको मिति तय गरिएको छ। यसअघि युवा संघले जिल्ला अधिवेशन आगामी फागुनसम्म सम्पन्न गर्न जिल्ला कमिटीलाई निर्देशन दिइसकेको युवा संघको केन्द्रीय कमिटी सदस्य एवम् बागमती प्रदेश सहइन्चार्ज आरती पाठकले जानकारी दिनुभएको छ । हेटौंडामा हुने युवा संघको केन्द्रीय कमिटी बैठकमा ५ सयभन्दा बढी युवाको सहभागिता रहनेछ ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

## निशूल्क तालिम सम्बन्धी सूचना

बागमती प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालय, प्रदेश युवा परिषद्, हाम्रो प्रशिक्षण सेवा तालिम केन्द्र हेटौंडाको सहकार्यमा बेरोजगार तथा विपन्न युवाका लागि निशूल्क वारिष्टा (कफि बनाउने) तालिम ३९० घण्टा (६५ दिन) अवधिको तालिमका लागि १८ वर्ष पूरा भई ४० वर्ष ननाघेका इच्छुक व्यक्तिले आवश्यक कागजातसहित आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । तालिममा मकवानपुर, रामेछाप, दोलखा र काभ्रे जिल्लाका २०/२० जनाका दरले ८० जनालाई सहभागी गराइनेछ ।

**आवश्यक कागजातहरूः**
१) नेपाली नागरिकताको प्रतिलिपि १ थान ।
२) पासपोर्ट साइजको फोटो ४ थान ।
३) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १/१ थान ।

**सम्पर्क**
**हाम्रो प्रशिक्षण सेवा तालिम केन्द्र**
**हेटौंडा-४, पारिजातपथ**
**०५७-५२४८५१/५२४८५२**

## निशूल्क तालिम सम्बन्धी सूचना

बागमती प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालय, प्रदेश युवा परिषद्, हाम्रो प्रशिक्षण सेवा तालिम केन्द्र हेटौंडाको सहकार्यमा बेरोजगार तथा विपन्न युवाका लागि निशूल्क बार्बर तालिम (कपाल काट्ने) तालिम ३९० घण्टा (६५ दिन) अवधिको तालिमका लागि १८ वर्ष पूरा भई ४० वर्ष ननाघेका इच्छुक व्यक्तिले आवश्यक कागजातसहित आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । तालिममा मकवानपुर र काभ्रे जिल्लाका २०/२० जनाका दरले ४० जनालाई सहभागी गराइनेछ ।

**आवश्यक कागजातहरूः**
१) नेपाली नागरिकताको प्रतिलिपि १ थान ।
२) पासपोर्ट साइजको फोटो ४ थान ।
३) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १/१ थान ।

**सम्पर्क**
**सूर्यमणि प्राविधिक शिक्षालय**
**हेटौंडा-५, भैरवरोड**
**०५७-५२४८५१/९८५५०-३१४४३**
**९८५५०-६७४२९/९८५५०-७५२५७**

# विद्यार्थीलाई लागूऔषधविरुद्ध सचेतना

समाज संवाददाता

हेटौंडाः हेटौंडा–१३, पदमपोखरीमा रहेको महेन्द्र माध्यमिक विद्यालयमा अध्ययनरत् विद्यार्थीलाई लागूऔषधविरुद्ध बिहीबार सचेतना प्रदाान गरिएको छ । महिला तथा बालबालिका सरोकार केन्द्रको पैरवी समूहले सामाजिक विकृति न्यूनीकरण गर्ने उद्देश्यले विद्यार्थीलाई लागूऔषधविरुद्ध सचेतना प्रदान गरेको हो ।

विद्यालय तहका बालबालिका लागूऔषध सेवन तथा बेचविखनमा लाग्ने सम्भावित खतराबाट बचाउनका लागि विद्यार्थीलाई सचेतना प्रदान गरिएको महेन्द्र माध्यमिक विद्यालयका प्रधानाध्यापक बिष्णु श्रेष्ठले जानकारी दिनुभयो । महिला तथा बालबालिका सरोकार केन्द्रकी कार्यक्रम व्यवस्थापक एलिना स्याङ्बोका अनुसार कक्षा ८, ९ र १० का विद्यार्थी लागूऔषधविरुद्ध सचेतना प्रदान गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेलका प्रहरी निरीक्षक चुडामणि खड्काले मकवानपुरमा लागूऔषधको प्रयोगकर्ता बढेको बताउनुभयो । उहाँका अनुसार स्मरण शक्ति बढ्ने, मानसिक तनावबाट मुक्त हुने भ्रममा लागूऔषध प्रयोग गर्ने गरेको पाइएको बताउनुभयो । आफ्ना आवश्यकता पूरा गर्नका लागि घरको समान बेच्न सुरु गरेका बालबालिका भोलि समाजमा चोरी डकैतीमा संग्लन हुने उहाँको भनाइ छ । लागूऔषध सेवनले इज्जत, प्रतिष्ठामा गिरावट आउने भएकाले समयमै नियन्त्रण तथा सुरक्षाका लागि लाग्नुपर्ने जानकारी दिनुभयो । कार्यक्रममा हेटौंडा उपमहानगर पालिका १३ नम्बर वडाका वडाध्यक्ष पेम्बा लामाले आगो सल्केको जसरी लागूऔषध प्रयोगकर्ता बढेको अवस्थामा यसको नियन्त्रणका लागि स्थानीय तहले सहयोग तथा समन्वय गर्ने प्रतिबद्धता जनाउनुभयो ।

# सरकारमा इमान्दारितापूर्वक काम: मन्त्री थपलिया

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले इमान्दारितापूर्वक काम गर्न एमाले सरकारमा गएको बताउनुभएको छ । मन्त्री थपलियाले जनताप्रति सधैं इमान्दारिताका साथ उत्तरदायी हुने बताउनुभयो ।

बिहीबारदेखि हेटौंडामा सुरु भएको राष्ट्रिय युवा संघ नेपालको तेस्रो केन्द्रीय कमिटी बैठकमा बोल्दै मन्त्री थपलियाले युवा संघले नेकपा एमालेका उम्मेद्वार जिताउन सधैं साथ दिएको स्मरण गर्नुभयो । जनताले विश्वास गरेका कारण आफूहरुले चुनाव जितेर प्रदेश सरकारमा सामेल भएको बताउनुभयो । आफूहरुले राम्रो काम गर्ने प्रतिबद्धता जनाउँदै उहाँले भन्नुभयो, "युवा संघ र जनताको शीर नझुक्ने गरी जतिञ्जेल काम गर्न सक्छौं, काम गर्न पाइन्छ त्यतिञ्जेलसम्म इमान्दारितापूर्वक काम गर्नेछौं ।"

नेकपा एमालेका केन्द्रीय सदस्य समेत रहनुभएका मन्त्री थपलियाले मंसिर ४ को चुनावले एमालेलाई ५ वर्ष धैर्य गर्न भनेको भएपनि परिस्थिति बदलिएकोले एमाले सरकारमा सामेल भएको धारणा राख्नुभयो । पार्टी अध्यक्ष केपी शर्मा ओलीको सुझबुझपूर्ण निर्णयका कारण आफूहरु सरकारको नेतृत्व गर्ने अवस्थामा पुगेको भन्दै उहाँले शीर नझुकाई सन्तुलनमा रहेर काम गर्ने बताउनुभयो । उहाँले आगामी ५ वर्षपछि हुने चुनावका लागि आजैदेखि तयारी थाल्न युवा संघलाई आग्रह गर्नुहुँदै भन्नुभयो "२०८४ को चुनावका लागि आजैदेखि तयारीमा लाग्नुपर्छ, काठमाडौंमा बस्ने मात्र होइन, आफ्ना भूगोलहरुमा खट्नुपर्छ, हिँड्नुपर्छ, जनताका समस्या बुझेर निराकरण गर्न लाग्नुपर्छ ।"

युवा संघले एमालेका नीति, विचार र कामको प्रचारलाई सशक्त ढङ्गले अगाडि बढाउन सुझाव दिनुभयो । अबको एमालेको उत्तराधिकारी युवा संघ रहेको भन्दै उहाँले युवा संघले सोही अनुसार तयारी थाल्नुपर्ने बताउनुभयो । युवा संघ जनताको सारथी भएको भन्दै मन्त्री थपलियाले विदेशिएका युवालाई स्वदेशमै रोजगारीको व्यवस्था सृजना गर्ने व्यवस्थाका लागि सरकारले काम गर्ने भन्दै त्यसमा युवा संघले पनि पहल गर्नुपर्ने बताउनुभयो ।

# १८९ जनाको निःशुल्क स्वास्थ्य परीक्षण

समाज संवाददाता

हेटौंडाः रिद्धिसिद्धि सिमेन्ट लिमिटेड हेटौंडाको आयोजनामा राक्सिराङ गाउँपालिका वडा नम्बर ४ मा एक दिने स्वास्थ्य शिविर सम्पन्न भएको छ। बुधबार भएको शिविरमा १ सय ८९ जनाले स्वास्थ्य सेवा लिएका छन् ।

एक दिवसीय शिविरमा जनरल फिजिसियन, बाल रोग, महिला रोग, हाडजोर्नी तथा नसा, छाला रोगको परीक्षण तथा औषधि वितरणसमेत गरिएको थियो । शिविर राक्सिराङ गाउँपालिकाको समन्वय तथा कलेज अफ मेडिकल साइन्स भरतपुर (पुरानो मेडिकल कलेज)को प्राविधिक सहयोगमा भएको हो ।

कार्यक्रम राक्सिराङ गाउँपालिका वडा नम्बर ४ का अध्यक्ष सञ्जय कोइरालाको सभाध्यक्षता तथा रिद्धिसिद्धि सिमेन्ट लिमिटेड हेटौंडाका सिईओ गुणबहादुर खनालको प्रमुख आतिथ्यमा भएको हो । कार्यक्रममा कलेज अफ मेडिकल साइन्सका मेनेजर दुर्गा न्यौपाने, राक्सिराङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौला, रिद्धिसिद्धि सिमेन्ट लिमिटेडका खानी प्रमुख गणेशकुमार सिंह, प्रशासन प्रमुख अच्युत पराजुली, सप्लाई चेन प्रमुख गुरुप्रसाद घिमिरे, समाजसेवी सम्राट तुम्वाहाम्फेलगायतको उपस्थिति रहेको थियो ।

# हेटौंडाका दोङ खुमलटार क्लबमा अनुबन्ध



समाज संवाददाता

हेटौंडाः हेटौंडा–७, न्युरेनी निवासी रोशन दोङ 'ए' डिभिजन फुटबल क्लब खुमलटारमा अनुबन्ध भएका छन्। आगामी फागुन १९ गतेबाट सुरु हुने शहीद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगिताका लागि हेटौंडाका दोङ खुमलटारमा आबद्ध भएका हुन् ।

दोङले विगतमा नेपाली राष्ट्रिय अण्डर १९ टोलीमा डिफेन्डरको रुपमा समेत खेलिसकेका छन् । उनले २०७६ सालमा इरानमा भएको एसियन फुटबल च्याम्पियनसीप यू–१९ र काठमाडौंमा भएको साफ यू–१८ च्याम्पियनसीप फुटबलमा नेपालबाट पनि खेलेका थिए ।

उनले ब्रिगेड ब्वाइज क्लबबाट पनि फुटबल खेलेका थिए । उनले विभिन्न गोल्डकप प्रतियोगितामा घरेलु मकवानपुर फुटबल टिम तथा अन्य टिमबाट समेत खेलेका छन् ।

यस्तै, शहीद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगिताको उद्घाटन खेलमा खुमलटार क्लबले फ्रेन्ड्स् क्लबसँग प्रतिस्पर्धा गर्नेछ । खेल दशरथ रंगशालामा फागुन १९ गते ५ बजेर ३० मिनेटमा हुनेछ ।

# मुक्तक दिवसमा मुक्तक वाचन

समाज संवाददाता

हेटौंडाः मुक्तक मञ्च मकवानपुरको आयोजनामा बुधबार मुक्तक दिवस मनाइएको छ । मुक्तक दिवसको अवसरमा भर्चुअल माध्यमबाट मुक्तक वाचनको ७ औं श्रृंखला भएको हो ।


जुममार्फत् भएको कार्यक्रम मुक्तक मञ्च मकवानपुरका अध्यक्ष डीबी बर्तौलाको सभाध्यक्षतामा भएको हो । कार्यक्रममा मुक्तक मञ्च मकवानपुरका उपाध्यक्ष किशन पौडेलले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा मुक्तक मञ्च केन्द्रीय शाखाका सचिव नवीन भण्डारी, मुक्तक मञ्च केन्द्रीय शाखाका सदस्य अमृता पोखरेल, किरण ढकाल, मुक्तक मञ्च सिन्धुली शाखाका अध्यक्ष विर्ख वाइबा तामाङ, सदस्य पवित्रा तिमल्सिना, कालिकोट शाखाका अध्यक्ष पीबी, मुक्तक मञ्च बाराका उपाध्यक्ष अजिता ओझा, साहित्य संगम मकवानपुरका उपाध्यक्ष सानु खनाल, गजल मञ्च मकवानपुरका पूर्वअध्यक्ष देवराज तिवारीलगायत मुक्तक मञ्च मकवानपुरका कार्यसमिति सदस्यहरुले मुक्तक वाचन गर्नुभएको थियो ।

# अत्याधिक रक्तश्रावले सुत्केरीको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुली जिल्लाको मरिण गाउँपालिका–४ का एक जना सुत्केरीको मृत्यु भएको छ। २९ वर्षीया सीता तामाङको जिल्ला अस्पताल सिन्धुलीमा मंगलबार बिहान २ बजेको समयमा नर्मल डेलिभरी भएकोमा अत्याधिक रक्तश्राव भई बिहान ५ बजे मृत्यु भएको हो ।

मृतक सीताको शव परिवारले बुझेका छन् भने शिशु (बालिका)को अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ । शिशुलाई स्थानीय तहले सहयोग गर्ने सहमति भएको प्रहरीले उल्लेख गरेको छ ।


## मकवानपुर सहकारी अस्पतालमा मनोचिकित्सक

मणिपाल कलेजबाट मानसिक स्वास्थ्य विषयमा एमडी गर्नुभई चितवन मेडिकल कलेजमा कार्यरत डा. उद्धव लामा यही माघ २१ गते (भोलि) शनिबार मकवानपुर सहकारी अस्पतालमा आउनुहुदैछ । मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएकाको स्वास्थ्य परीक्षण तथा उपचारका लागि अनुरोध गरिन्छ ।

**मकवानपुर सहकारी अस्पताल**
हेटौंडा-१, भिन्तुनापथ
०५७-५२६५८७

## आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँच भन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं । गर्ने परेमा भेन्टिलेसन खुला राखौं ।

**झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्छ ।**

नेपाल सरकार
विज्ञापन बोर्ड




## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
**हेटौंडा रिफरेन्स ल्यावरोटरी,**
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ